# सहस्राव्दी २०१५ को दृष्टिकोण

दूरदर्शिताको दृष्टिकोण भ्रम होइन । यो छोटकरीमा भनिएको आकांक्षित भविष्यको सहभागितामूलक चित्र हो । सेप्टेम्वरदेखि डिसेम्बर २०१२ सम्मको सहस्राव्दी २०१५ को विचार समूहद्वारा एक साथ सिर्जना गरिएका सातवटा समष्टि सवालहरुको जवाफको रुपमा सयौं आकांक्षित भविष्यको आधारमा यो सहस्रव्दी २०१५ को दृष्टिकोण तयार पारिएको छ । २०१२ को डिसेम्वर ३ र ४ मा UNESCO मुख्यालय (UNESCO, Headquarters) , पेरिसमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनको दोस्रो पूर्ण सत्रमा सहस्राव्दी २०१५ को समुदायको आगत (Inputs) बाट लाभान्वित यो दृष्टिकोण सहस्राव्दी २०१५ को विश्व सञ्जाल (Global Network) बाट स्वीकृत र विस्तारित हुनुभन्दा अगाडि संशोधन गरियो । पारिभाषिक रुपमा यो दृष्टिकोण तरल छ । यो दृष्टिकोण उपलब्ध गराउने रणनीति हो । यसलाई महाद्विप वा क्षेत्र अनुसार प्रयोगमा ल्याइनेछ र प्राप्त नतिजालाई प्रत्येकको आवश्यकता अनुरुप व्यवहारमा ल्याइने छ ।

## १. परिचय : उज्ज्वल भविष्य सुनिश्चित गर्ने दृढतामा महिला एवं पुरुषवीच अन्तरक्रिया

अतितका प्रारुपहरुका साथमा भविष्यतिर लम्कनु हाम्रो अभिप्राय होइन । सम्पूर्ण समाज र खास गरीकन धेरै पुरुषहरु महिला र केटीहरुको सम्बन्धमा धेरै जसो जडसूत्रीय धारणा राख्ने गर्दछन् । वास्तवमा महिलाहरु भिन्न लिङ्गी (भिन्न जाति) समलिङ्गी (समजाति) वा अन्तरलिङ्गी (अन्तरजाति) का हुन्छन्, तिनीहरुका केटाकेटा हुन्छन् या हुँदैनन्, यो निजी कुरा हो र संसारको हरेक महिला आफ्नो शरीरको मालिक हुन्छिन् । महिलाहरु आमा होउन् या नहोउन्, तिनीहरुले संस्कृति, ज्ञान, ऐक्यवद्धता र विश्वव्यापी मूल्यको प्रेषण गर्ने क्षमता राख्दछन् । धेरै महिला एवं केटीहरुले आफ्नो कलिलै उमेरदेखि आफ्नो परिवारको निर्माण गर्ने, आफ्नो घरपरिवारको स्थिरता ( टिकाउपना) को सुनिश्चित गर्ने, केटाकेटीलाई शिक्षा दिने, आफ्नो स्वास्थ्यको रक्षा गर्ने, जीवनलाई समृद्धतातर्फ दोर्‍याउने वा दीर्घजीवीलाई सामथ्र्य बनाउने आर्थिक स्रोतको वृद्धि र प्रवन्ध गर्ने कुराको कल्पना गरेका हुन्छन् । अनेकानेक मानिसहरुको व्यवस्था मिलाउन सफल महिला एवं केटीहरु आफ्नो अशक्तताका साथै जतिसुकै वाधा व्यवधान आएपनि कर्मठ र साहसी हुन्छन् । जे भएपनि, महिलाहरुको बहुमुखी सौन्दर्यता, तिनीहरुको असीमित सिर्जनात्मक, वौद्धिकता, तिनीहरुको झण्डै झण्डै अविनाशी समार्थ्यता, आदिको बारेमा तिनीहरुप्रति आधारभूत रुपमै गलत धारणा राख्ने समस्या विद्यमान छ र यो समस्या तिनीहरु जन्मेदेखि मात्र होइन, मानवताको शुरुवातको समयदेखि नै विद्यमान छ । यो अवस्था अशक्त र बृद्ध महिलाहरुको निमित्त झन् वढी कठिन हुने गर्दछ । सहस्राव्दी २०१५ को दृष्टिकोणमा तिनीहरुमध्ये प्रत्येकको स्थान सुरक्षित छ । जडसूत्रीयता, विभेद र हिँसा सम्बन्धी धारणा सवैतिरबाट हानिकारक छ र उज्ज्वल भविष्योन्मूख नव पथको निर्माणको निमित्त ती कुराहरुको अन्त्य गर्ने हाम्रो दृढ आशय छ ।

गरिबीले जाति वा केटोकेटीको संख्याको कुरा गर्दैन, गरिवी भनेको पेटको चिच्याहट हो । हरेक भोका, तिर्खा बच्चाको पछाडि उसकी गरिब, भोका, तिर्खा आमा रहेकी हुन्छिन् । महिलाहरुले सधैंभरि युद्धका मध्यस्थकर्ता, भविष्य एवं शान्तिका निर्मात्री आदिको रुपमा जीवनरक्षाको संघर्षमा लगनी गरेका छन् । शिक्षा, स्वास्थ्य, अधिकार नियन्त्रण, आर्थिक प्रवन्ध, निर्णय-निर्धारण, उच्च स्तरीय राजनीतिक आदेश, आदि सम्पूर्ण

क्षेत्रमा महिलाहरुको पहुँच विकास र शान्तिको संवाहक हो । तर पनि, शताव्दियौं देखि अति धेरै संख्यामा महिला र केटाकेटीहरु नैतिक, मनोवैज्ञानिक, भौतिक र लैङ्गिक हिंसाका शिकार भएका छन् । क्षेत्रगत रुपमा हेर्दा स्त्रीहत्या, चुनिएको गर्भपतन, वालिका हत्या र Paedophilia बाट केटीहरु एवं महिलाहरुको हत्या भइराखेको छ । तिनीहरु मानव ओसारपसारको आम अपहरण अधिकार र सम्पत्तिबाट वञ्चित, शिक्षाको निषेध, स्त्री जननेन्द्रीयको विच्छेद, ढुङ्गा प्रहार, शिघ्र र जवरजस्ती विवाह र पुरुष बन्धन, जवरजस्त गर्भधारण, असुरक्षित गर्भपतन, र अज्ञानता र निषेधबाट अभिप्रेरित विधवी भेद, आदिबाट तिरष्कृत छन् । तिनीहरु घोषित युद्ध वा स्थानीय झगडाको समयमा नरसंहारको कार्यमा व्यस्त रहने नियमित सेना (troops or militia) का मानिसहरु एवं केटाहरुबाट तिनीहरुकै परिवारको सामुन्ने वलात्कृत हुन्छन्, सताइन्छन् र मारिन्छन् ।

धेरै महिला एवं केटीहरु विभिन्न सामाजिक समूहबाट दास बनाइन्छन् र तिनीहरुलाई शिक्षा, स्वास्थ्य र आर्थिक विकासबाट बञ्चित गराइन्छ । धेरै महिलाहरुमा शारीरिक स्वतन्त्रता पनि हुँदैन र तिनीहरुलाई शिकार एवं बलात्कृतनै हुनुपर्ने जीवको रुपमा यौन शिक्षा, गर्भ निरोधमा पहुँच, चिकित्सकीय गर्भपतनमा पहुँच, आदिबाट बञ्चित गराईन्छ । प्रजातान्त्रिक मुलुकहरुमा महिलाहरु बलि (शिकार), अस्थिरता प्रदायक हुन्छन्, तिनीहरुले असमान ज्याला प्राप्त गर्दछन्, राजनीतिक एवं आर्थिक निर्णयनिर्धारणमा तिनीहरुको पहुँच सीमित हुन्छ, उच्च तहका पदहरुमा तिनीहरु निषेधित हुन्छन्, तिनीहरु हिँसाका दण्डभोगी हुन्छन् र तिनीहरुमा मानव अधिकारको कुरा लागू हुँदैन । यसरी धेरै महिलाहरु तल्लो स्थितिमा धकेलिन्छन् र तिनीहरुको भविष्यमा प्रतिवन्ध लगाइन्छ । महिलाहरुले ऐक्यवद्धतालाई मजबुत पार्नको निमित्त र सवैको निमित्त समान मानव अधिकार प्राप्त गर्नको निमित्त मानव अधिकारको पहुँचबाट लाभान्वित हुने र तिरष्कृत हुनेहरुको वीचमा सेतु निर्माणको काम गर्नै पर्दछ ।

यति हुँदाहुँदै पनि सम्पूर्ण स्थिति र समयमा महिलाहरुमा आफूलाई कार्यतिर अग्रसर गराउने साहस र अभिप्राय हुन्छ । महिला एवं केटीहरु आफैलाई बली (शिकार) सम्झँदैनन्, बरु आफूले स्वीकार गरेका जिम्माका कामहरुको अनुमान गर्दै आफ्ना समाजको विकासको निमित्त र आफ्ना परिवार एवं केटोकेटीको अतिजीवनको निमित्त अग्रसर हुन्छन् । महिलाहरु दृढ र यो कुरालाई स्पष्टसँग व्यक्त गर्न सक्दछन् । समझदारीमा सहयोग पुऱ्याउने सुविधा उपलब्ध गराउने, शिक्षित तुल्याउने, विस्तार गर्ने sorority लाई ध्यान (हृदय) मा राखे सिर्जनात्मक सञ्जालद्वारा मजवुत पारिएको ऐक्यवद्धतालाई चिरस्थायी बनाउने काममा तिनीहरु सँगसँगै जुट्दछन् । तिनीहरुले वैज्ञानिक, सांस्कृतिक , राजनीतिक र आर्थिक विकासको निमित्त मानव अधिकारको स्थापनार्थ मार्गनिर्देशन स्थापना गरेका आदरणीय महिलाहरुको प्रारुपहरुबाट प्रेरणा लिने गर्दछन् । महिलाहरुले समानता, सशक्तिकरण र ज्ञानको बाँडफाँडको निमित्त गरिने आफ्नो संघर्षलाई कहिल्यै परित्याग गर्ने छैनन् । तिनीहरु ऐक्यवद्धतालाई सुदृढ बनाउनको निमित्त र सवैको लागि समान मानव अधिकारको माग गर्नको निमित्त आफ्नो अधिकारबाट लाभान्वित भएकाहरु र दुर्व्यवहार पारिएकाहरुको बीचमा पुलको निर्माण गर्दछन् । महिलाहरु आफ्नो क्षेत्रको विकास सुनिश्चित गर्ने खालका आफ्ना ज्ञान, सीप, विज्ञान र प्रविधिको नियन्त्रण गर्दछन्, पीरपूर्ण गर्दछन् र प्रेक्षण गर्दछन् । आफ्नो देशमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् कानुन १३२५ जस्ता अन्तर्राष्ट्रिय कानुन लागु गर्नको निमित्त लगानी गर्ने पहिला व्यक्ति महिला नै हुन् । महिलाहरुले आफ्नो अधिकारको निमित्त गरिने संघर्षमा ऐक्यवद्धता जनाउने काममा कहिल्यै पनि विसर्जन गरेका छैनन् ।

हामीहरु शक्ति, विकास, सुरक्षा र शान्तिसित सम्बन्धित ध्रुवको नयाँ युगमा प्रवेश गर्दैछौं । लैङ्गिक समानता, महिला सशक्तिकरण र शिक्षा विश्व कार्यक्रम हुन् : यो नयाँ रुपदर्शन (उदाहरण) को निमित्त नयाँ पुस्तालाई उत्प्रेरित गरेर हामीले अवश्य पनि सँगसँगै काम गर्नुपर्दछ ।

## २. २०२५ मा महिलाको मूल्य

हामी समयमै अगाडि बढौं ।

२०२५ सम्ममा महिला र पुरुषवीचको लैङ्गिक समानतालाई निश्चय पनि सुदृढ गराइनेछ । संयुक्त राष्ट्रसंघ -महिला(UN Women) को राजनीतिक संरचनाहरु स्पष्ट कार्यक्रमका साथ सवै देशहरुमा राम्रौसँग स्थापना भइसकेका छन् । तिनीहरु निश्चित रुपमा आवश्यकीय वित्तीय साधनका साथ सुसज्जित गरिने छन् । पछिल्लो प्राविधिक विकासको फाइदाको साथमा महिला सञ्जालको ठोस र निरन्तर कामको परिणामस्वरुप सम्पूर्ण समाजमा आदर नैतिकता र सुशासन अति आवश्यक भइसकेका छन् । ऐक्यवद्धताले केटी र केटाको वीचको महिला र पुरुष बीचको, परिवारभित्रका सहकर्मीहरुको वीचको, कम्पनीहरु र राजनीतिक शक्तिहरुवीचको मानव सम्बन्धलाई सुदृढ बनाएको छ । वास्तवमा ती हिस्सित (साझा) मूल्यहरु सुदृढ विकासको निमित्त र हाम्रो ग्रहको भविष्यको निमित्त मजबुत र ठोस दिशा हुन् भन्ने कुरा सम्पूर्ण पुरुष र महिलाले बुझेका छन् । सवैको निमित्त र जहाँतहीँ उपलब्ध स्वतन्त्र र पहुँचयोग्य प्रविधिको सर्वव्यापकताले सञ्जाल जीवन पर्यन्तको सिकाइ र आर्थिक विकासको मूल्य वृद्धि गर्दछ ।

## ३. २०२५ को मानव समाजको निमित्त ६ अन्तिम उद्देश्यहरु :

### ३.१. मानवताको प्रगतिको द्योतकका रुपमा महिला सशक्तिकरण र अधिकारमा समानता

समाजको खाकामा महिला मूल्य र पुरुष मूलय समानरुपले अवस्थित छन् । शिक्षा, प्रशिक्षण र साधनहरुको पहुँचबाट फाइदा प्राप्त गर्दा महिला एवं केटीहरु वढी स्वायत्त हुन्छन् । अस्थिरतालाई नियन्त्रणमा लिइएको छ र साक्षरता दर अभूतपूर्व तरिकाले बढेको छ ।  महिला र पुरुष वीचको सहभागितामूलक(shared) नेतृत्वको सन्दर्भमा महिलाहरुले आफ्नो सामर्थ्यको अभिवृद्धि गरेर वास्तविक आर्थिक, राजनीतिक र सामाजिक सफलतामा अझ बढी योगदान पुऱ्याउने गर्दछन् । हालको नोवल प्राइज (Noble Prize) पुरस्कारले सुनिश्चित गरे अनुसार विगतका शताव्दीहरुमा उच्च रुपमा स्वीकार नगरिएका महिलाहरुका विज्ञान एवं अनुसन्धानतिरको योगदानलाई अन्ततोगत्वा स्वीकार गरिएको छ । ग्रामीण महिलाहरु प्रवल र प्रशन बनाइएका छन्, तिनीहरुको मौलिक अधिकार र आर्थिक स्रोतमा तिनीहरुको समान पहुँचको प्राप्तिलाई धन्यवाद छ । पुरुषहरुसितको समान साझेदारीताको विवेकशीलताको आधारमा लैङ्गिक समानताको महशुस गरिएको छ । गरिबी विरुद्धको संघर्ष नै प्रमुख प्रतिवद्धता हो । यो मौलिक सामाजिक प्रगतिले सम्पूर्ण समाजलाई दृढ विकास र अति जीवन(अस्तित्व) जस्ता सर्वमान्य उद्देश्य प्राप्तिको निमित्त काम गर्न सक्षम बनाउँछ । महिलाहरुलाई समावेश गरिएको (शिक्षा, मातृत्व, परिवार व्यवस्थापन, केटाकेटीहरुको शिक्षा र संरक्षण , समान अधिकार, उत्कृष्ट काममा रोजगारी र उचित ज्याला, समान वेतन सहित निवृत्तिभरण सुरक्षा, स्वास्थ्योपचार र प्रविधिमा पहुँच सामाजिक मुद्दाहरुको सम्पूर्ण व्यवस्थापनको निमित्त चाहिने आवश्यकीय र कानुनी कोष राज्यहरुबाट प्रदान गरिने छन् र संयुक्त राष्ट्र संघको निमित्त प्राथमिकता (अहिले कार्यक्रममा नभएका विगतका सेवा, एवं युद्धहरुबाट गरिएका खर्चको पुन

वाँडफाँड सहित) चयन गरिने छ। अधिकारको कानून(legislatures of rights) को धारणा ठूलो सफलताका साथ कार्यान्वयन गरिएको छ । यसमा महिलाहरुलाई राम्रोसम्म सुसुचित गरिएको छ र यसमा संलग्न नभएका महिलाहरुलाई सम्पर्क स्थान समेत प्रदान गरिने सुनिश्चत गरिएको छ र संयुक्त राष्ट्र संघद्वारा यसको नियमित परीक्षण गरिने छ।

### ३.२. शान्ति प्रदान गर्ने मानसिकताको विकास-महिला र पुरुषवीचको सन्तुलनतालाई धन्यवाद

२०२५ मा पुरुष र महिलाको वीचमा आपसी आदरभावको पथ प्रदर्शन गर्दै मानसिकतामा परिवर्तन भएको छ । पुरुषहरुको महिला र पुरुष वीचको समानताप्रतिको सचेतता र प्रतिवद्धताले सम्पूर्ण समाजमा प्रशंसनिय गति पैदा गरेको छ। परम्परागत र पितृसत्तात्मक संस्कृतिका नाइकेहरुले महिलाहरुको सामर्थ्यताबाट आफ्नो समुदायमा प्राप्त हुने विश्वकल्याणबाट लाभान्वित भएर र खस्कँदो हिँसाजन्य क्रियाकलापलाई निमित्यान्न पार्न संस्कारहरु अङ्गिकार गरेर आफू प्रगतिका अगुवा बन्नसक्ने महशुस गरेका छन् । अहिले महिलाको हिंसा र शोषण गराउने यौनिक जडसूत्रिय धारणाको वहिष्कार गर्नेहरुमा पुरुषहरु र केटाहरु नै अग्रपङ्क्तिमा पर्दछन्। लैङ्गिक सभा, (Gender club)शौहर (विवाहित पुरुषहरुको समुदाय(schools of husbands) ले सकारात्मक परिणाम निकालेका छन् र पहिले कुनै वेला महिला विरुद्धको हिंसा सहेका र त्यसमा लागेका समुदायहरुप्रति गौरवान्वित छन् । परिवारको प्रत्येक सदस्यले आफ्नो शीप अनुसार आफ्नो समृद्धि सुनिश्चित गर्नको निमित्त अध्ययन गर्ने वा काम गर्ने सुअवसर प्राप्त गरोस् भन्ने हेतुले परिवारमा केटीहरु र केटाहरुको वीचमा कामको वाँडफाँड सन्तुलित किसिमले गरिएको हुन्छ। निश्चित रुपमा केटीहरुलाई वैज्ञानिक अध्ययन र अनुसन्धानमा महिलाहरुको योगदानमा परिचालन गरिएको हुन्छ र भविष्यमा गरिने कामले निसन्देह सम्पूर्ण अर्थव्यवस्थालाई सुदृढ बनाउँदछ । शिशाको भित्री छत (Glass ceilings) र ठोस चँदुवा(concrete canopies) बढी सान्दर्भिक हुन्छन् र लिङ्गको पर्वाह नगरीकन शीपको खातिर उच्च तहका व्यवस्थापकहरु छनौट गरिएका हुन्छन्।

### ३.३. सम्पूर्ण मानव जाति (लिङ्ग) को मुक्तिको रुपमा वैयक्तिक विकास

२०२५ मा स्त्रीहत्या निषेधित अन्तर्राष्ट्रिय कानून कुशलतापूर्वक कार्यान्वयन गरिने छ : बच्चीहरुको छनौट गरिएको गर्भपतनलाई मान्यता दिएका देशहरु वा परिवारको लागि बोझ सम्झिएका सानी केटीहरुको हिंसाका साथै जन्मँदै बच्चीको हत्या गर्न अनुमोदन र प्रोत्साहन प्रदान गर्ने राजनीति भएका देशहरुलाई आफ्नो व्यवहारको विश्लेषण गर्न र मानव न्यायको पुनःस्थापना गर्न वाध्य पारिएको छ। महिला विरुद्धको हिंसा अब सह्य छैन र सम्पूर्ण समाजवाद निन्दित छ। केटीहरु आफ्नो परिवारमा र महिलाहरु समाजमा प्रशंसित छन् :पुनर्स्थापित आत्म-सम्मान र विश्वासले तिनीहरुलाई परिवर्तनका संवाहक र भविष्यको निर्माता हुन शक्ति प्रदान गर्नेछ । अस्तव्यस्त राजनीतिक परिस्थितिको सन्दर्भमा सानै उमेरदेखि महिला तथा केटीहरुमा यौनिक सुनामी(sexual tsunami), निषेध र हतियार द्वन्द्व अहिले उचित मानिँदैनन् । विश्व शिक्षा र सहस्राव्दी विकास लक्ष्यबाट सिर्जित सचेतताले मानवीय दृढ विकासको दृष्टिमा मानव समाजलाई शान्तितिर अग्रसर हुन सामर्थ्यवान बनाएर फल प्रदान गर्दैछ।

### ३.४. भविष्यको सुरक्षा, जीवनको गुणको सुदृढताको रुपमा स्वास्थ्यको हेरचाहमा विश्वव्यापी पहुँच

२०२५ मा दूर औषधि(Telemedicine) को माध्यमबाट र स्वास्थ्य संरचनाभित्र दूर्गम स्थानहरुमा उचित वैज्ञानिक साधन र प्रविधि प्रयोग गरेर सम्पूर्ण जनतालाई खास गरेर महिला र केटाकेटीलाई वास्तविक , समयमा तिनीहरुको मातृभाषामा पर्याप्त स्वास्थ्य हेरचाह उपलब्ध गराउनको निमित्त स्वास्थ्य हेरचाह कर्मीहरुलाई विशेष गरेर महिलाहरुलाई प्रशिक्षण दिइने छ , तिनीहरुको उन्नति गराइने छ र वित्तीय सहयोग प्रदान गरिने छ । पहिलो स्वास्थ्य हेरचाहमा इच्छित देशहरुमा मातृ मृत्युको अन्त्य गर्नको निमित्त १४ वर्षमाथिका केटीहरुलाई धाई (midwife) को रुपमा प्रशिक्षित गराइने छ । नागरिकता प्रशिक्षणले AIDS जस्ता रोगहरुलाई नियन्त्रणमा लिन र यौन शिक्षा र गर्भनिरोधी व्यवस्थापनलाई सामान्यीकृत गर्न समर्थ बनाउने छ । वतमान समयमा र भावी पुस्ताको निमित्त जन्मपूर्वको शिक्षा (Prenatal education) सवैको स्वास्थ्यको निमित्त प्रमुख शैक्षिक तत्व हो । अन्तर्राष्ट्रिय ऐक्यवद्धताले महिलाहरुलाई पानी, शिक्षा, गर्भनिरोध , काम, आर्थिक व्यवस्थापन, आदि आधारभूत स्रोतमा निषेध गर्न निषेध गरेको छ । निर्वाचित राजनीतिज्ञहरुले आफ्नो जवाफदेहिता लिएका छन् ।

### ३.५. विश्व परिवार ,समाज, वौद्धिक, राजनीतिक र आर्थिक विकासमा महिलाहरुको प्रमुख योगदान

२०२० मा महिला एवं पुरुषहरुका विशेषतामा आर्थिक प्राचाल (Economic parameter) लगाउँदै र कुल गार्हस्थ्य उत्पादन (GDP) मा अनौपचारिक र ज्याला नतिरिएको कामलाई समेत एकिकृत गर्दै निषेध , अन्धकार र पितृसत्ताले लगाएको विवशताबाट प्राप्त मुक्तिले साझा सामाजिक विकासको निमित्त महिलाहरुको असीमित थप मूल्यको बारेमा विचार गर्न समर्थ बनाउँछ । भविष्यद्रष्टाको रुपमा नयाँ सन्तुलन स्थापना गर्नको निमित्त नवप्रवर्तक सामाजिक रुपान्तरणको खाँचो थियो भन्ने कुरा समाजका सम्पूर्ण स्टेकहोल्डरहरु (Stakeholders) ले बुझेका छन् । बहुभाषी र बहु (अनेक) संस्कृतिवादलाई धन्यवाद, आफ्नो स्वतन्त्रता र संयोगका साथ नागरिक समाजले ऐक्यवद्धता सञ्जाललाई सुदृढ पारेर, युवा र बुढापाका दुवै वर्गलाई संवोधन गरिएको सिकाइको ज्ञान र प्रविधिमा सहभागिता जनाएर आफ्नो परिचालनलाई सुनिश्चित पारेको छ । दृढ (sustainable) विकासतिर चासो राख्दै र भविष्यतिर सचेत दृष्टि पुऱ्याउँदै प्रत्येक व्यक्ति ( पुरुष/महिला) ले समाजमा आफ्नो स्थान ओगट्दछ । साधारण जनता, विशेषतः विकासोन्मुख देशका महिला र केटाकेटीहरुको लागत/खर्चमा र शोषणको माध्यमबाट वित्तीय व्यवस्थापन हुनेवाला छैन भनेर विश्वास दिलाउने कुरा राजनीतिक एवं आर्थिक नेताहरुले आफ्नो जिम्मामा लिएका छन् । आफ्ना केटाकेटीहरुलाई युद्धको अमानवीयता र खतराबारे सुसुचित गराउन र तिनीहरुलाई वाल सेना हुनबाट रोक्न महिला र आमाहरुलाई प्रशिक्षणको माध्यमबाट सहयोग गरिएको छ । प्रवासी महिलाको आफ्नो अतिथि देशमा आफ्नो शीप र योग्यताको अभिवृद्धि गर्ने कुरा र तिनीहरुले आफ्नो मुल देशमा भएका आफ्नो परिवारको लालन पालनको निमित्त गरेको नियमित सहयोगमा सुविधा पुऱ्याउँदै र दुवै देशको समाजमा तिनीहरुले पुऱ्याएको योगदानलाई स्वीकार गर्दै तिनीहरुको प्रमुख सामाजिक संलग्नतामा ध्यान दिइने छ ।

### ३.६. शान्ति, शिक्षा र ऐक्यवद्धताको आधारमा आगमी पुस्ताको लागि नयाँ प्रारुप

२०२५ मा, जीवनका नयाँ प्रारुपहरु, बढी शान्तिमय, विचारीकृत र कार्यान्वित भइराखेका छन् र संलग्न समय र स्थानको निरन्तर अनुकुलता सुनिश्चित गर्नको निमित्त प्रत्येक देशबाट निरन्तर मूल्यांकन भइराखेको छ । यो ग्रहका प्रमुख प्राचालहरुको सन्तुलनमा सुचिश्चित गर्न समाजको औजार रुपी ज्ञानलाई प्रयोगमा ल्याइने छ । उच्च गतिको सम्बन्धको सामान्यीकरणका साथै सूचना र सञ्चार प्रविधि (ICT) का ढुलमुले प्रगतिहरुले महिला सशक्तिकरणमा ठूलो योगदान पुऱ्याएका छन् । शान्तिको पक्षमा सार्वभौम विश्वव्यापी परिचालनलाई स्थिर मान्दा युद्धका नीतिहरु मन्द भइराखेका छन् । शिक्षा र प्रशिक्षण वृद्धि र रोजगारी सिर्जना गर्ने पुनराकृति (Reconfigures) भइराखेका छन् । यसले संकटपूर्ण आर्थिक अवस्थाबाट विपत्तीमा परेका धेरै देशहरुको अवस्थालाई सन्तुलित बनाएको छ । वुढापाकाहरुको आफ्नो ज्ञानलाई नयाँ पुस्तामा रुपान्तरण गर्ने अनौठो क्षमतालाई स्वीकार गर्दै तिनीहरुको मूल्यलाई परिचित गराइएको छ । सर्वत्र घेरिएको ऐक्यवद्धताले जातिको वीचमा, पुस्ताको वीचमा र सर्वसाधारण जनताको वीचमा पनि ऐक्यवद्धता सिर्जना गर्दछ ।

हामीलाई सपना देख्ने अधिकार छ । संघर्ष गर्नु हाम्रो कर्तव्य हो । कामको तर्कको आधारमा दृष्टिपूर्ण सिर्जनात्मक पहुँचका साथ क्षेत्रमा काम गर्दै सहस्राव्दी २०१५ को आलोचनात्मक, अन्वेषणपूर्ण दूरदर्शी प्रक्रियाको द्वैध उद्देश्य छ । यो उद्देश्यले सञ्जालको शक्तिको लाभ उठाउँदै सिर्जनात्मक संयोजनको प्रक्रियाको स्वामित्व ग्रहण गरुन् भन्ने हेतुले महिला, पुरुष र युवा पुस्ताको परिचालनलाई समावेश गर्दछ ।

## ४. २०२५ सम्म सहस्राव्दी २०१५ का प्रमुख लक्ष्यहरु :

अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका सम्पूर्ण सहभागिहरु र संघ-संस्थाहरुका साथ, सहस्राव्दी २०१५ ले प्राथमिकताका साथ सहस्राव्दी विकास लक्ष्य (Millennium Development Goals) र विशिष्ट रुपमा दुई प्रमुख परियोजनाहरुमा योगदान पुऱ्याउने छ :

१. सम्पूर्ण किसिमका हिंसा, विशेष गरेर महिलाहरु र केटीहरु विरुद्धको हिंसाको अन्त्य गरेर, विश्वका सम्पूर्ण मानिसहरु विशेष गरेर महिलाहरु, केटीहरु र केटाकेटीहरुको स्वास्थ्य र कल्याणमा सुधार गरेर मानव जातिको विकासको गुणको सुनिश्चितता गरेर :

२. व्यवस्थापकीय पदहरुमा विशेष गरेर संसदमा र निर्देशक समितिहरु (Boards of directors) मा महिला र पुरुषको वीचमा ५०% को सन्तुलन कार्यान्वयन गरेर र राज्यका सम्पूर्ण उच्च निर्णय स्तरमा र व्यवस्थापकीय पदहरुमा महिलाहरुको पहुँचमा योगदान पुऱ्याएर ।

विश्व शान्तिको पुनःस्थापना गर्न नयाँ र नव प्रवर्तनको मार्गबाट काम गर्न र विश्वव्यापी स्तरमा मानसिकताको परिवर्तनको शक्तिशाली संकेत प्रदान गर्नको निमित्त संयुक्त राष्ट्र संघको महासचिवको आगामी चुनावमा महिलाको चयन गर्नु सहस्राव्दी २०१५ को सुदृढ लक्षण हुनेछ ।

**सहस्राव्दी २०१५**

e.mail: rodighar@wlink.com.np

Best Wished from Achut NICU NEPAL